# स्थानीय राजपत्र

भिमाद नगरपालिकाद्वारा प्रकाशित

(खण्ड ८) भिमाद मंसिर १७ गते, २०८१ साल (संख्या ९)

## भाग २

## भिमाद नगरपालिकाको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१

भिमाद नगरपालिका स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनका लागि सहजीकरण गरी नगरपालिकाको नीति तथा कार्यक्रम बमोजिम स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउदै नगरपालिकका भित्रका "ग" र "घ" वर्गका अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क स्वास्थ्य बीमाको दायरमा आवद्ध गराई गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अपाङ्गता भएका नागरिकको मौलिक हक अधिकारको संरक्षण गर्दै स्वास्थ्य सेवामा सहज र सलर पहुँच सुनिश्चत गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने वाञ्छनीय भएकोले भिमाद नगरपालिका विनियोजन ऐन, २०८१ को दफा ४ बमोजिम भिमाद नगरपालिकाको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ जारी गरिएको छ ।

<u>१.संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम " **स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१**" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकावाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **मूल कार्यविधिको दफा ३ मा संशोधन**: मूल कार्यवधिको दफा ३ को "ग" वर्ग पश्चात "घ" वर्ग थप गरिएको छ ।

३.**मूल कार्यविधिको दफा ११ उपदफा च मा संशोधन संशोधन**- मूल कार्यविधिको दफा ११ को (च) मा "ग" वर्ग पश्चात "घ" वर्ग थप गरिएको छ ।

४. **मूल कार्यविधिको अनुसूची-१ हेरफेर**- संलग्न कागजातको प्रकरण नं. ३ मा मध्यम अपाङ्गता "ग" वर्ग पश्चात सामान्य अपाङ्गता "घ" वर्ग थप गर्ने गरी हेरफेर गरिएको छ ।

आज्ञाले

प्रमाणिकरण मितिः २०८१/०८/१७

कमल प्रसाद पुन

प्रमुख प्रशासकीय अधिकृत

**सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रु. ४०**